फोन नं.०८६-४२००५२
pmamp.piu.pyuthan@gmail.co
web:piupyuthan.pmamp.gov.r

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ

प्यूठान

पत्र संख्या ०८२/०८३
च.न.

### कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सन्चालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०५/०९ गते)

प्रस्तुत विषयमा यस राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, प्यूठानको चालु आ.व २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशीलता कार्यक्रम सन्चालन कार्यविधि २०८२ बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमिहरुलें तपशिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २५ औ दिनअर्थात (मिति २०८२/०६/०२ गते) भित्र कार्यक्रम कार्यान्वयन एकाइ, खलंगा, प्यूठानमा आवेदन पेश गर्नुहुनको लागि सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.स. | कार्यक्रमको विवरण | स्वीकृत बजेट रु लाखमा | लक्षित लाभग्राही | अनुदान रकम तथा भुक्तानि प्रक्रिया | कार्यक्रममा संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | ४० | १६-४० वर्ष उमेर समुहभित्रका युवा कृषक वा कृषि उद्यमी | प्रस्तावित कुल लागतको बढिमा ५०% वा चार लाख रुपैया मध्ये जुन कम हुन्छ सोहि रकम बैंक खाता मार्फत | कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यबिधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम | जिल्लाभरि |

प्रस्तावका साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु

१. कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव ।(फारम वेबसाइड बाट डाउनलोड गर्न सकिनेछ)
२. निवेदकको नागरिकताको प्रतिलिपि ।
३. कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडाको जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमामा ५ वर्षको र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौताना पत्रको प्रतिलिपि) ।
४. उद्यम वा व्यवसाय दर्ता भएको भएमा दर्ता प्रमाण पत्रको प्रतिलिपि, अघिल्लो आ.व सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, कारोवार सम्बन्धि अन्य कागजातहरु
५. स्थायी लेखा नंम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
६. सम्बन्धित स्थानिय तह वा वडा कार्यालयको कार्यक्रम माग सम्बन्धी सिंफारिस ।
७. कृषक समुह/कृषि सहकारी संस्था/उपभोक्ता समितिको सदस्य भएमा सम्बन्धित संस्थाको सिफारिस पत्र।

चमान सिंह गिरी

द्रष्टव्य:

कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम कार्यक्रम संचालन हुने बाली/वस्तु तथा मूल्य-शृंखलाका क्षेत्र:

- ❖ तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण
- ❖ तरकारीको बीउ-बेर्ना उत्पादन, प्रशोधन र भण्डारण
- ❖ दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात
- ❖ च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण
- ❖ मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारीकरण
- ❖ अदुवा, बेसार र मसलाजन्य बालीको प्रशोधन र बजारीकरण
- ❖ मौरीपालन व्यवसाय र मह प्रशोधन
- ❖ जौ, फापर, सिलाम, कोदो, चिनो, कागुनो लगायत रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण
- ❖ प्राङ्गारिक, गड्यौले मल वा जैविक मल उत्पादन तथा बजारीकरण
- ❖ बागवानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु-कल्चर प्रविधिबाट बीउ र विरुवा उत्पादन गर्ने व्यवसाय
- ❖ फलफुल प्रशोधन र बजारीकरण
- ❖ खाद्यान्नको बीउ उत्पादन तथा प्रशोधन
- ❖ ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन, प्रशोधन र भण्डारण
- ❖ साना तथा मझौला खालका कोल्ड च्याम्बर स्थापना तथा संचालन
- ❖ घाँसबाट हे (Hay), साइलेज(Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय
- ❖ प्राङ्गारिक कृषि वस्तु निर्यात
- ❖ व्यावसायिक पशुपन्छी, मत्स्यपालन, उत्पादन र प्रशोधन
- ❖ जैविक विषादी, प्राङ्गारिक विषादी, वनस्पतिजन्य विषादी उत्पादन, प्रशोधन तथा बजारीकरण ।

थप जानकारीको लागि :

कार्यालयको सुचना पाटी वा कार्यालयको वेबसाइड Web : piupyuthan.pmamp.gov.np facebook: Namp Piu Pyuthanवा
फोन नं. ०८६-४२००५२, ९८५७८३६९२०, ९८६७८२४९३१, ९८५७८६८०११, ९८६७७७५४३२

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाई
प्युठान

चुमान सिंह गिरी
कृषि अधिकृत